# T4T पाठ १: मुक्तिको निश्चयता (आत्मिक जन्म)


बधाई ! तपाईं स्वर्गीय पिताको सन्तान हुनुभयो ! परमेश्वरसँग तपाईंको नयाँ सम्बन्ध छ र उहाँको प्रत्येक प्रतिज्ञा प्राप्त गर्नसक्नुहुन्छ ।



१. हामी अनन्त जीवन कसरी पाउँछौं ?

पापको परिणाम के हो ? यशैया ५९:२ ले भन्छ, पापले हामीलाई परमेश्वदेखि

अलग गर्छ ।




२. मुक्तिको बाटो

विश्वास + पश्चाताप + येशूको मृत्यु = मुक्ति



१ यूहन्ना १:९ "यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने, उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ किनकि उहाँ विश्वासयोग्य हुनुहुन्छ ।"

के परमेश्वरले तपाईलाई बचाउन उहाँको काम (मृत्यु र पुनरुत्थान) गर्नुभयो ? भयो वा भएन

के तपाईले आफ्नो काम गर्नुभयो (विश्वास र पश्चाताप) ? भयो वा भएन

यदि तपाईले विश्वास गर्‍यौ भने, तपाई बाँच्नुभयो

३. तपाई नयाँ सृष्टि हो

२कोरिन्थी ५:१७ यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ .................. हो । ............ बितिगएको छ, हेर................. आएको छ ।

कुन वा के परिवर्तन तपाईंले अनुभव गर्नुभयो ?



.............शान्ति

............परमेश्वरको प्रेमको अनुभव

............बाइबल पढ्ने इच्छा

...........अरूको वास्ता गर्ने

...........आफ्नो पापबारे सचेत

..........आफ्नो हृदयमा हलुको अनुभव

४. मैले फेरि पाप गरें भने के गर्ने ? के अझै म बचाइएको नै हुन्छु ?

हिब्रू १०:२६ ले भन्छ, "किनकि यदि सत्यताको ज्ञान पाएर पनि हामीले जानी-जानी पाप गर्‍यौं भने पापको निम्ति अब उसो अरू कुनै बलिदान रहँदैन ।" तर १ यूहन्ना १:९ ले भन्छ, "यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र हामीलाई धुनुहुन्छ ।"

हामीले फेरि पाप गर्‍यौं भने के गर्ने ?



.........बेवास्ता गर र हाम्रो पाप लुकाऔं

.........स्वीकार र परमेश्वरको क्षमादान माग

५. हाम्रो आत्मिक जन्म दिन

तपाईंको आत्मिक जन्म दिनको प्रमाण पत्र भर्नुहोस ।

आज तपाईंको आत्मिक जन्म दिन हो !



आत्मिक जन्म दिनको प्रमाण पत्र

.................(वर्ष).......................(महिना)........................(दिन)मा, मैले येशूलाई आफ्नो मुक्तिदाता भनी जीवनमा ग्रहण गरेको हुँ । उहाँले मेरो पाप क्षमा गर्नुभयो, मेरो प्रभु बन्नुभयो र मेरो जीवनलाई नियन्त्रण गर्नुभयो । अब म परमेश्वरको सन्तान बनेको छु र म नयाँ सृष्टि हुँ । मैले उहाँसँग नयाँ जीवन शुरू गरेको छु ।


हस्ताक्षर,

...................................

जन्म दिनको शुभकामना !!

# T4T पाठ २– प्रार्थनालाई बुझ्नु - आत्मिक सास फेराई

जब बालक जन्मन्छ तिनीहरूलाई सास फेर्नु आवश्यक छ। प्रार्थना तपाईको नयाँ आत्मिक जीवनमा सास फेर्न सिक्नु जस्तै हो। प्रार्थना परमेश्वरसँग बात गर्नु हो।



१. प्रार्थना गर्नुको कारण- किन ?

क. यो परमेश्वरको आज्ञा हो। येशूले आफ्ना चेलाहरूलाई सधैँ प्रार्थना गर्न र कहिल्यै नछोड्नू भन्नुभयो। (लूका १८:१)

ख. यसले परमेश्वर पितासँग हाम्रो सम्बन्धलाई बढाउँछ। प्रार्थना दिनु र लिनु हो।

_हामी परमेश्वरलाई दिन्छौं:

- प्रशंसा,
- प्रेम,
- समस्याहरू,
- पाप




परमेश्वर हामीलाई दिनुहुन्छ:

- शान्ति,
- आशा,
- क्षमा,
- उत्तरहरू

फिलिप्पी ४:६-७ कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका विन्ती परमेश्वरमा जाहेर होऊन्, र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ।

२. कसरी प्रार्थना गर्नु (प्रार्थनाको आचारण)-यसलाई सम्झन क्रियाकलाप प्रयोग गर्नुहोस्‌।


विश्वासद्वारा प्रार्थना गर्नु। शंका नगर- याकूब १:६ (टाउकोतिर औंल्याउनु)



शुद्ध हृदयले प्रार्थना गर । आफ्नो हृदय जाँच (पाप स्वीकार र आफ्नो आशय जाँच)- याकूब ४:२-३ (मुटुतिर औंल्याउनु)



परमेश्वरको इच्छाको निम्ति भरोसासाथ प्रार्थना गर । १ यूहन्ना ५:१४
(माथितिर औंल्याउनु)





मागि राख । नछोड । लूका १८:१ (दोहोऱ्याइरहनु भन्ने संकेतमा हात हल्लाउनुस् ।)

३. प्रभावकारी प्रार्थनाका संकेतहरू

- येशूको नाउँमा प्रार्थना गर्नु
- साथीसँग बातचीत गरेजस्तो स्वभाविक रूपमा प्रार्थना गर्नुस्
- दिनको कुनै पनि समयमा प्रार्थना गर्नुस्
- जहाँसुकै प्रार्थना गर्नुस्

# T4T पाठ ३: दैनिक उपासना (आत्मिक भोजन)

दैनिक बाइबल अध्ययन र आराधानाद्वारा हामी आत्मिक भोजन पाउँछौं । परमेश्वरसँग नजिकको सम्बन्धमा रहनलाई प्रत्येक दिन एउटा तोकिएको समय उहाँलाई दिनुपर्छ ।



कण्ठ गर्ने पदः मत्ती ६:३३ "तर परमेश्वरको राज्य र उहाँको धार्मिकताको पहिले खोजि गर ।"


१. किन दैनिक उपासना ?



- परमेश्वरलाई आराधना गर्न (उहाँ मलाई स्वागत गर्नुहुन्छ)
- परमेश्वरसँग कुरा गर्न (परमेश्वर सुन्नुहुन्छ)
- परमेश्वरबाट सुन्न (हामी सुन्छौं)
- हाम्रो आत्मिक जीवनमा बलियो बन्न (हामी आज्ञाकारी बन्छौं र बढ्छौं)

२. हाम्रो आचारण

- परमेश्वरको निम्ति भोकाएको र तिर्खाएको (भजनसंग्रह ४२:१-२)





३. कहिले ? भजनसंग्रह ११९:१४७-१४८, बिहानै, राती, जुनैसमय



४. बाइबलबाट उदाहरण-इतिहासमा रहेका शक्तिशाली महिला र पुरुषहरूले दैनिक परमेश्वरसँग समय बिताए । येशूले पनि प्रायः परमेश्वर पितासँग समय बिताउनुभयो । मर्कूस १:३५ । तिनीहरूमध्य धेरै जनाले परमेश्वरलाई बिहान भेटे ।

अन्य उदाहरणहरूमा अब्राहाम, दानिएल, दाऊद र येशू

५. तपाईंलाई के आश्यक छ ?

बाइबल- लिखित वा श्रव्य (सुन्न मिल्ने)

कलम र कापी

शान्त ठाउँ

तोकिएको समय







६. कसरी ?



पाप स्वीकार, हृदय शुद्ध बनाऊ




परमेश्वरलाई खोज- बाइबल पढ वा सुन, वा गएको हप्ताको कथा याद गर्नु



परमेश्वरको प्रकाश र त्यसलाई पालन गर्नका लागि प्रार्थना गर्नु



परमेश्वर जे बोल्नुहुन्छ, पालन गर्नु

७. समर्पणता

दैनिक परमेश्वरसँग भेट्न के तपाईं समर्पण गर्नुहुन्छ ? गर्छु वा गर्दिनँ

कहिले ?

कहाँ ?


## T4T पाठ ४: मण्डली- तपाईंको आत्मिक परिवार


क. परिवार



जब तपाईं येशूलाई पछ्याउन शुरू गर्नुहुन्छ, तपाईं परमेश्वरको परिवारको सदस्य बन्नुहुन्छ। परमेश्वर तपाईंको स्वर्गीय पिता र येशूमा अरू विश्वासीहरू तपाईंका दाजुभाइ दिदीबहिनीहरू जस्ता हुन्छन्। बाइबलले यसलाई मण्डली, आत्मिक परिवार भन्छ। मण्डली भवन होइन वा आराधना गर्ने ठाउँ, यो त विश्वासीहरूको एउटा झुण्ड हो।

ख. विश्वासीहरू एउटा शरीरका विभिन्न अंग हुन् (रोमी १२:४,५)





ग. ख्रीष्टको शरीर वा मण्डलीले के गर्छ ?


आराधना संगति शिक्षण सेवकाइले सुसमाचार फैलाउँछ











विश्वासीहरू भेला हुने ठाउँमा तपाईं किन नियमित सामेल हुनुपर्छ ................

घ. मण्डलीको ३ ओटा जिम्मेवारीहरू (ख्रीष्टको शरीर)

१. बप्तिस्मा

रोमी ६:४ "यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिंडौं ।"



बप्तिस्माले हामी कसरी येशूसँग एकतामा छौं भन्ने दर्शाउँछ ।

हाम्रो उदाहरणका लागि येशूले बप्तिस्मा लिनुभयो । हामीले पनि बप्तिस्मा लिनु अनिवार्य छ ।

बप्तिस्माले हाम्रो विश्वासलाई परिपूर्ण गर्छ ।

बप्तिस्माले हाम्रो विश्वासको घोषणा गर्छ ।

बप्तिस्माले हाम्रो विश्वासको निश्चयता दिन्छ ।

बप्तिस्मा हाम्रो विश्वासको साक्षी र संकेत हो ।

बप्तिस्मा एउटा आज्ञा हो र प्रत्येक चेलाले चाल्नुपर्ने महत्वपूर्ण पाइला हो ।

२. प्रभु भोज



येशूले आफ्ना चेलाहरूलाई प्रभु भोजको उत्सव मनाउन सिकाउनुभयो (मत्ती २६:१७-१९, २६-३०)



यसले हामीलाई उहाँको मृत्यु र क्षमादानबारे सम्झन गरी परमेश्वरलाई धन्यवाद दिन सहायता गर्छ ।

यसले हाम्रो काम र विश्वासबारे जाँच्न सहायता गर्छ । (१कोरिन्थी ११:२३-२९)




३. परमेश्वरलाई दिनु- समय, पैसा, दक्षता

- भेटीहरू (परमेश्वरप्रति धन्यवादको उपहार आराधना)
- दशांश (१० हामीले परमेश्वरलाई चढाउनुपर्छ)

मलाकी ३:८-१० परमेश्वरलाई नलुट । सम्पूर्ण दशांश भवनमा ल्याओ ।

यो हप्ता मण्डलीमा एकसाथ हुने समर्पणताको शुरूवात गर । यी ३ महत्वपूर्ण कुराको शुरूवात गर !

T4T पाठ ५: परमेश्वर हाम्रा स्वर्गीय पिता

एउटा आत्मिक बालकले परिवारको मुख्य व्यक्ति को हो भनी चिन्नु आवश्यक छ। तिनीहरूले आफ्ना स्वर्गीय पितालाई चिन्नु आवश्यक छ। स्वर्गीय पिताले प्रेम गर्नुहुन्छ, सुरक्षा दिनुहुन्छ, प्रबन्ध गर्नुहुन्छ र तालिम दिनुहुन्छ।



बाइबलमा स्वर्गीय पिताको चरित्रको बारेमा धेरै कथाहरू छन्। यो पाठले यसबारे तपाईंलाई केही परिचय दिनेछन्।

१. स्वर्गीय पिताको **प्रेम**



यर्मिया ३१:३ ले भन्छ, परमेश्वरले तपाईंलाई अनन्त प्रेमले प्रेम गर्नुहुन्छ !

लुका १५:११-२४ ले एकजना पिता र उनको हराएको छोराको बारेमा एउटा सुन्दर कथा भन्दछ। यो कथा पढ्नुस्।

कसरी यस कथामा परमेश्वर पिता जस्तो देखिनुहुन्छ ?

२. स्वर्गीय पिताको **सुरक्षा**



पुरानो नियम दानिएलको पुस्तकले परमेश्वरलाई पछ्याउने तीन जना व्यक्तिको कथा बताउँदछ, जसहरूलाई तिनीहरूका स्वर्गीय पिताले सुरक्षा दिनुभएको थियो। (दानिएल ३ अध्याय)

परमेश्वरले तपाईंलाई पनि कसरी सुरक्षा दिनसक्नुहुन्छ ?

३. स्वर्गीय पिताको **प्रबन्ध**



फिलिप्पी ४:१९ ले भन्छ, "मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पुरा गरिदिनुहुनेछ ।"

परमेश्वर पिताले तपाईलाई प्रबन्ध(जुटाउनुभएको) उदाहरण दिनुहोस! मत्ती १४:१३-२१ले, येशूले भोकाएकाहरूलाई अलौकिक तरिकाले भोजन जुटाउनुभएको कथा बताउँदछ ।

के परमेश्वरले तपाईंको निम्ति पनि जुटाउन सक्नुहुन्छ ?

४. परमेश्वर पिताको **अनुशासन** र **तालिम**

हिब्रू १२:६ "किनभने जसलाई परमप्रभुले प्रेम गर्नुहुन्छ त्यसैलाई ताडना दिनुहुन्छ, र आफूले ग्रहण गर्नुभएको हरेक छोरालाई उहाँले दण्ड दिनुहुन्छ ।"

हामीले उहाँको आज्ञापालन गरेको परमेश्वर चाहनुहुन्छ । जब हामी अनाज्ञाकारी बन्छौं, उहाँले हामीलाई साथीहरूद्वारा, बाइबलद्वारा र परिक्षा र हामीले जीवनमा गरेका पापको परिणामहरूद्वारा ताडना दिनुहुन्छ ।



परमेश्वर पिताको हृदयको कुनचाहिँ भाग तपाईंलाई अति महत्वपूर्ण लाग्छ ?

........उहाँको प्रेम

........उहाँको प्रबन्ध

........उहाँको सुरक्षा

........उहाँको अनुशासन र तालिम

## T4T पाठ ६– सुसमाचार फैलाउनु

अब तपाईं परमेश्वरको परिवार, मण्डलीको सदस्य हुनुहुन्छ। यस परिवारप्रति तपाईंको कर्त्तव्य हुन्छ। परमेश्वरले तपाईंलाई सुसमाचार फैलाउन र नयाँ विश्वासीहरूलाई उहाँको आज्ञाहरू पालन गर्न सिकाउनका लागि बोलाउनुहुन्छ। ताकि तिनीहरूले अझ धेरै मानिसहरूलाई मुक्तिको सुसमाचार सुनाउन र तालिम दिन सकियोस्।



सुसमाचार बाँड्नका लागि चार प्रकारका बोलावट हुन सक्छन्।



१. माथिबाटको बोलावट– स्वर्गबाट
यशैया ६:१-८ र मर्कूस १६:१५
राजाले हामीलाई तिनीहरू कहाँ जान आज्ञा गर्नुहुन्छ, जुनहरूले उहाँको उद्धारबारे सुनेका छैनन्।




२. तलबाटको बोलावट– नरकबाट
लुका १६:२७-२८ नरकमा भएको धनी मानिसको कथा


३. आफ्नो भित्री हृदयबाटको बोलावट
१ कोरिन्थी ९:१६-१७ पावललाई सुसमाचार सुनाउन वाध्य भएको महसुस



४. बाहिरीबाटको बोलावट– हाम्रो वरिपरि हराएका मानिसहरू
प्रेरित १६:९ पावलले सपनाद्वारा माकेडोनियाका मानिसले
बोलाईरहेको बोलावट पाए ।



हाम्रो जिम्मेवारी:
२ तिमोथी २:२ हामीले अरूलाई येशूकहाँ डोऱ्याउने मात्रै होइन, तर त्यतिबेलासम्म तालिम दिनुपर्छ जब तिनीहरूले अरूलाई तालिम दिन र सुसमाचार प्रचार गर्न सक्छन् ।



प्रेरित २:४६-४७ उहाँका हरेक चेलाले सुसमाचार प्रचार गरेको र नयाँ चेलाका झुण्डहरू बनाएको परमेश्वर चाहनुहुन्छ ।





यो हप्ता तपाईंले कोसँग सुसमचार बाँड्नुहुनेछ ?